# मिति २०७०।५।२६ मा भएको समिक्षा गोष्ठिमा प्राप्त सुझाव तथा प्रतिक्रियाहरु

- नाला राम्रो संग सरसफाई नभएको ।
- नगरको आबश्यकता अनुसार काम हुन पर्ने ।
- डुबान नहुने गरी नाला बनाउनु पर्ने ।
- बाटोको तुलनामा कलभर्ट बनाउदा अग्लो बनाउन पर्ने ।
- नगरपालिका भित्र ट्राफिक व्यवस्थापन गर्दा जानकारी नभई सोझै कारवाही हुने गरेको ।
- पार्किङ्ग सम्बन्धि जनचेतना कार्यक्रम सञ्चालनमा ल्याउनु पर्ने ।
- सडक पार्किङ्गमा शुल्क उठाएमा श्रोतमा बृद्धि हुने ।
- नक्सा पास प्रकृया सरल हुनपर्ने तथा स्पष्ट नीति हुनुपर्ने
- विभिन्न स्थानमा गुणस्तरिय कार्य नभएको ।
- शौचालय निर्माणमा सहयोग गर्छु भनेकोमा हाल सम्म पनि नभएको ।
- बाटो ३० फिटबाट सागुरो हुदै ९ फिट सम्म भएको ।
- कार्यालयले नागरिकको कुरा सुन्न पर्ने ।
- खुला दिशा मुक्त क्षेत्र घोषणा गर्न कडाईका पत्रहरु पठाउनु पर्ने ।
- वार्ड नं. ७ मा नाला निर्माण गर्न रु १० लाख भवनको लागी ७ लाख राखिएकोमा दुवै काम नभएको ।
- निर्माण काममा अनुगमन नपुगेको ।
- जुन वडामा निर्माण भएको हो सोही वडाको मानिसबाट समिक्षा हुन पर्ने ।
- हराभरा नगर नभएको खाली भनाईमा मात्र सिमित भएको ।
- आगामी कार्ययोजनाहरु महिला लक्षीत हुनुपर्ने ।
- महिलाहरु आफ्नो कुराहरु पनि राख्न नसक्ने अबस्थामा भएकोले सोको लागी जागरुक बनाउनु पर्ने ।
- गाईगोरु, बाख्रा छाडा छाडिएको सोलाई व्यवस्थित बनाउनु पर्ने ।
- कान्जिहाउस व्यवस्थित बनाउनु पर्ने ।
- नालीको निकास हुनपर्ने
- वार्ड नं. ६ भैयाटोललाई विशेष ध्यान दिनु पर्ने ।
- नगरलाई स्वस्थ, सफा, सुग्घर राख्नको लागी सवैले योगदान गर्नुपर्ने ।

- विकासको गुणस्तरको बारेमा नागरिक मन्चलाई जानकारी गराउनु पर्ने ।
- नागरिकको अपेक्षा अनुसार न.पा. को विकास काम न्यून भएको ।
- नाला सरसफाई आषाढमा मात्र सफाई गरेर नहुने ।
- बधशाला तथा मासु व्यवसायी अति अव्यवस्थित रहेको ।
- फोहोर जहाँ पायो त्यही फाल्ने बानीलाई सुधार गर्नु पर्ने ।
- वडाबाट छनौटमा आएका योजनाहरु छनौट हुनु पर्ने ।
- वार्ड नं. ७ र ९ को सानो कलोनीमा बाटो सम्बधि कुनै काम नभएको ।
- वार्ड नं. ८ स्थित महेन्द्र पार्कको जग्गामा सार्वजनिक शौचालय बनाउनु पर्ने ।
- न.पा. भित्रका साहित्यकारलाई सम्मान गर्नुपर्ने ।
- बेलहिया नाकामा ढल तथा सडक निर्माणको कार्य प्रभावकारी रुपमा हुनु पर्ने ।
- मिचिएका सार्वजनिक नाला संरक्षण हुनपर्ने ।
- योजना छनौटमा नगरविकास समितिको प्रतिनीधिको सहभागी हुनुपर्ने ।
- नगरको श्रोत पहिचान गरी आम्दानी बढाउनु पर्ने ।
- नगरको सम्भावनाहरु पहचिान गर्नुपर्ने ।

उपरोक्त सामयिक सुझावहरुलाई आगामी बर्षमा बार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।